Remove Watermark Wondershare PDFelement

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रोल्पा, लिवाङ

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम २०८१ साल माघ १ गते देखि २०८१ साल चैत मसान्तसम्मको

## स्वत:प्रकाशन तथा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण



Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

# प्रमुख जिल्ला अधिकारीको भनाई

सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सबै सार्वजनिक निकायहरुले आफ्नो निकायसंग सम्बन्धित सूचनाहरु अद्यावधिक गरी राख्नुपर्ने र प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । जिल्ला प्रशासन कार्यालय रोल्पाले यस जिल्ला स्थित सबै सरकारी कार्यालयहरुबाट प्रवाह गरिने सेवाहरुलाई जनमैत्री बनाउने उदेश्यले तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको सुशासन कार्ययोजना, २०७७ अनुसार सबै सरकारी कार्यालयहरुले सूचनाको हक सम्बन्धी ऐन, नियम अनुसार नियमित रुपमा स्वतः प्रकाशन गर्ने व्यवस्था समेत मिलाईएको छ । यसै गरी जिल्ला प्रशासन कार्यालय रोल्पाबाट **२०८१ माघ १ गते देखि २०८१ चैत मसान्तसम्म** सम्पादन भएका कार्यहरुलाई अद्यावधिक गरी यो स्वतःप्रकाशन (Proactive Disclosure ) गरिएको छ। यो प्रकाशनबाट यस कार्यालयले उक्त अवधिमा सम्पादन गरेका कार्यहरुका बारेमा आम नागरिक तथा सरोकारवालाहरुको सहज पहुच कायम हुने मैले अपेक्षा गरेको छु।

राज्यबाट प्राप्त हुने सुविधाहरु सबै जनतालाई सरल र सहज रुपमा पारदर्शी ढंगबाट उपलब्ध गराउने तथा उपलब्ध सेवाहरुका बारेमा आम सरोकारवाला व्यक्ति तथा निकायहरुलाई सुसूचित गर्ने कार्यका लागि जिल्ला प्रशासन कार्यालय रोल्पा सदैव प्रतिवद्ध रहेको व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

अन्त्यमा, आगामी दिनमा यस कार्यालयबाट हुने सेवा प्रवाहलाई अझ बढी गुणस्तरीय, प्रभावकारी, जनमैत्री बनाउने सम्बन्धमा रचनात्मक सुझावको साथै पृष्ठपोषण उपलब्ध गराउन अनुरोध गर्दै यस स्वतःप्रकाशन (Proactive Disclosure) मा संलग्न कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

चैत ३१, २०८१


खिम बहादुर रायमाझी
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी

Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा


# स्वतः प्रकाशन (Proactive Disclosure) मा संलग्न पदाधिकारीहरु

सल्लाहाकार



खिम बहादुर रायमाझी
प्रमुख जिल्ला अधिकारी

## सम्पादन मण्डल



पदमबहादुर डाँगी
सूचना अधिकारी



तुल प्रसाद कवर
प्रशासकीय अधिकृत



हर्कराज घर्तीमगर
कम्प्यूटर अपरेटर

Wondershare PDFelement

Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

## १. जिल्ला प्रशासन कार्यालय रोल्पाको स्वरुप तथा प्रकृति-

प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालय केन्द्रीय प्रतिनिधिको रुपमा रही जिल्लामा शान्ति, व्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु यस कार्यालयको मुख्य कार्य हो । यस कार्यालयका काम, कर्तव्य र अधिकारहरुलाई मूलतः स्थानीय प्रशासन ऐन, २०२८ ले व्यवस्था गरेको छ । जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न सहयोग र सहजीकरण, विपद् व्यबस्थापन, आपूर्ति व्यबस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

जिल्ला प्रशासन कार्यालय, रोल्पाले यस जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दुरदृष्टि (vision) का साथ विधिको शासन अवलम्बन गरी शान्ति सुरक्षाको अवस्थालाई सुदृढ बनाउँदै प्रभावकारी सार्वजनिक सेवा प्रवाहको माध्यमद्वारा सुशासनको प्रत्याभूति गर्ने लक्ष्यहरु (goals) लिएर काम गरिरहेको छ। यी लक्ष्यहरु प्राप्तिका लागि यस कार्यालयले सुरक्षा निकायहरुको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवं जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्यहरु (objectives) लाई आत्मसात गरेको छ।

## २. मूल ध्येय (Vision) :-

रोल्पा जिल्लामा शान्ति, सुव्यवस्था र अमनचयन कायम राखदै शान्त र सुशासनयुक्त समाजको स्थापना गरी "समृद्ध नेपाल सुखी नेपाली" को साझा राष्ट्रिय आकांक्षालाई साकार तुल्याउने ।

प्रमुख जिल्ला अधिकारी

Wondershare PDFelement

Remove Watermark Wondershare PDFelement

३. उदेश्य (Objective) :-

- शान्ति, सुव्यवस्था र सुरक्षा,
- सहजीकरण,
- समन्वय र
- सुशासन

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रोल्पा

**४. जिल्ला प्रशासन कार्यालय, रोल्पाको काम, कर्तव्य र अधिकार:**

- जिल्लामा शान्ति, सुरक्षा र सुव्यबस्था कायम गर्ने।
- जिल्लामा संचालित विकास कार्यहरुमा सहयोग गर्ने।
- जिल्लामा रहेका नेपाल सरकारका सम्पत्तिहरुको संरक्षण गर्ने।
- जिल्लामा आइपर्ने विपद्हरुको व्यबस्थापन गर्ने,जस्तै: कोरोना संक्रमणको महामारी,आगलागी,बाढीपहिरो जस्ता अन्य विपद्हरु ।
- आवश्यकता र औचित्यको आधारमा सवारी पासको व्यवस्थापन गर्ने ।
- जिल्लामा वस्तुहरुको आपूर्तिलाई व्यबस्थित गर्ने।
- नागरिकताको प्रमाणपत्र वितरण गर्ने।
- हातहतियारको इजाजत प्रदान तथा नवीकरण गर्ने।
- राहदानी सम्बन्धी कार्य गर्ने।
- संस्था दर्ता तथा नवीकरण गर्ने।
- प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य विविध कार्यहरु गर्ने।

**५. जिल्ला प्रशासन कार्यालय, रोल्पामा रहने कर्मचारी संख्या र विवरण:**

| सि.नं. | पद | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | |
| ३ | प्रशासकीय अधिकृत | २ | |
| ४ | नायव सुब्बा | ५ | १ रिक्त |
| ५ | लेखापाल | १ | |

प्रमुख जिल्ला अधिकारी

Wondershare PDFelement

Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

| | | | |
|---|---|---|---|
| ६ | कम्प्युटर अपरेटर | २ | |
| ७ | खरिदार | ३ | ३ पद रिक्त (लोक सेवा माग गरिएको) |
| ८ | हलुका सवारी चालक | १ | |
| ९ | कार्यालय सहयोगी | ६ | |
| | जम्मा | २२ | |

**६. जिल्ला प्रशासन कार्यालय, रोल्पाबाट प्रदान गरिने सेवाहरुः**

क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी सेवाः

- नाम थर वा उमेर आदि प्रमाणित।
- नावालकको उमेर प्रमाणित।
- पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस।
- दलित, आदिवासी जनजाति प्रमाणित।
- पत्रपत्रिका दर्ता।
- छापाखाना दर्ता।
- पारिवारिक विवरण प्रमाणित।
- विविध कार्य।

ख) राहदानी सम्बन्धी सेवाः

- राहदानीको लागि विवरण संकलन
- राहदानी वितरण।

ग) नागरिकता सम्बन्धी सेवाः

- वंशजको आधारमा नागरिकताको प्रमाण पत्र वितरण।

२०८१।०५।१६
प्रमुख जिल्ला अधिकारी

Wondershare PDFelement

Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

- जन्मको सन्तानलाई वंशजको नागरिकता वितरण ।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण।
- गैर आवासिय नेपाली नागरिकता वितरण ।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण।
- नाम थर जन्म मिति संशोधन।

घ) मुद्दा तथा ठाडो उजुरी सम्वन्धी सेवाः

- गुनासो वा ठाडो उजुरी।

ङ) हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी सेवाः

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।

च) संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवाः

- संस्था दर्ता।
- संस्था नवीकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

छ) आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवाः

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन।

ज) विपद् व्यवस्थापन सम्बन्धी सेवाः

- जिल्ला विपद् व्यवस्थापन समितिको वैठक व्यवस्थापन।
- विपद् सम्बन्धी कार्ययोजना निर्माण।
- जिल्ला स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण सम्बन्धी कार्य ।
- विपद् न्यूनीकरणका लागि तयारी।
- विपदमा भएको क्षति विवरण संकलन।

प्रमुख जिल्ला अधिकारी

Wondershare PDFelement

Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

- विपदमा पीडित भएकाहरुलाई क्षतिपूर्ति, एवं राहत वितरण, पुनःस्थापन तथा पुनर्निर्माण।

झ) अख्तियार दुरुपयोग अनुसन्धान सम्बन्धी सेवाः

- अख्तियार दुरुपयोग सम्बन्धी उजुरी एवं निवेदनहरु उपर छानवीन।

ञ) राष्ट्रिय परिचयपत्र वितरणको लागि आवेदन दर्ता गर्ने कार्य ।

**७. जिल्ला प्रशासन कार्यालय, रोल्पामा रहेका शाखा र जिम्मेवार अधिकारीः**

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | प्रशासन शाखा | नन्दलाल कवर, माधव घर्तिमगर | |
| २ | राहदानी शाखा | जंगबहादुर डाँगी, तारा घर्ती | |
| ३ | नागरिकता शाखा | कमल नेपाली, बल बहादुर बाँठा, झग बहादुर फेवाली, आशिष आचार्य, भावना श्रेष्ठ | |
| ४ | मुद्दा शाखा/सुचना प्रविधि शाखा | हर्कराज घर्तिमगर, सन्जु घर्तीमगर | |
| ५ | लेखा शाखा | हरिबहादुर बस्नेत | |
| ६ | नागरिक सहायता कक्ष | कृष्णबहादुर थापा | |
| ७ | राष्ट्रिय परिचयपत्र | निशा फेवाली, टोपबहादुर घर्ती | |
| ८ | स्तनपान कक्ष | सिता सेन | |

**८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कै |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु.१०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु.१३। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत | रु.१०। को टिकट | प्रक्रिया पुगेकै | |

२०८१।०४।९
प्रमुख जिल्ला अधिकारी

Wondershare PDFelement

Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

| | | | | |
|---|---|---|---|---|
| | नागरिकताको प्रमाण पत्र वितरण | | दिन | |
| ४ | राहदानीका लागि विवरण संकलन | रु.२५००। नावालक रु.५०००। साधारण रु.१००००। हराएको तथा विग्रिएको । | प्रक्रिया पुगेकै दिन | |
| ५ | राहदानी वितरण | | सोही दिन | |
| ६ | गुनासो वा ठाडो उजुरी | रु.१० को टिकट | यथाशीघ्र | |
| ७ | नाम थर उमेर आदि प्रमाणित | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ८ | नावालक परिचयपत्र | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९ | पारिवारिक पेन्सन र रहलपहल सम्वन्धी सिफारिस | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १० | संस्था दर्ता | रु.१०००। | प्रक्रिया पुगेकै दिन | |
| ११ | संस्था नवीकरण | नियमावलीमा उल्लेख भए बमोजिम | प्रक्रिया पुगेकै दिन | |
| १२ | संस्थाको विधान संशोधन | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १३ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १४ | दलित, मधेशी, आदिवासि/जनजाति सिफारिस | रु.१०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १५ | पत्रपत्रिका दर्ता | दैनिक रु.१०००। साप्ताहिक रु.५००। पाक्षिक रु.३००। मासिक रु.२००। | प्रक्रिया पुगेकै दिन | |
| १६ | छापाखाना दर्ता | रु.१०००। | प्रक्रिया पुगेकै | |



प्रमुख जिल्ला अधिकारी

Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

| | | | | |
|---|---|---|---|---|
| | | | दिन | |
| १७ | हातहतियार नामसारी | रु.१०००। | प्रक्रिया पुगेकै दिन | |
| १८ | हातहतियार जिल्ला भित्रको नवीकरण | भरुवा बन्दुकको रु.२०००/-<br>बारबोर बन्दुकको रु. २०००।<br>पेस्तोल रिभल्भर वा राईफल रु. ३०००।- | प्रक्रिया पुगेकै दिन | |
| १९ | हातहतियार नेपाल भरिको नवीकरण | भरुवा बन्दुकको रु.३०००/-<br>बारबोर बन्दुकको रु. ३०००।<br>पेस्तोल रिभल्भर वा राईफल रु. ४०००।- | प्रक्रिया पुगेकै दिन | |
| २० | नाता प्रमाणित | रु.१०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २१ | क्षतिपूर्ति एवं राहत वितरण | दस्तुर नलाग्ने | प्रक्रिया पुगेकै दिन | |
| २२ | मुद्दा सम्बन्धी | | कानून बमोजिम | |
| २३ | अख्तियार दुरुपयोग सम्बन्धी मुद्दा | | यथाशीघ्र | |
| २४ | अन्य मुद्दा | रु.१०। को टिकट | यथाशिघ्र | |

**९. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

क) निर्णय गर्ने प्रक्रियाः सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम।

ख) निर्णय गर्ने अधिकारीः

- प्रमुख जिल्ला अधिकारी।

प्रमुख जिल्ला अधिकारी

Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

- सहायक प्रमुख जिल्ला अधिकारीः प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम।
- प्रशासकीय अधिकृतः प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम।

१०. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** प्रचलित कानून बमोजिम।

११. **बजार अनुमगनः-**

बजारमा हुने दैनिक उपभोग्य सामानहरुको कालोबजारी, म्याद गुज्रिएका उपभोग्य सामाग्री, व्यवसायिक दर्ता र अस्वाभाविक रुपमा हुने मूल्यबृद्धि जस्ता कार्य हुन नदिन जिल्ला प्रशासन कार्यालय रोल्पा रोल्पा र घरेलु तथा साना उधोग कार्यालय रोल्पाको आयोजनामा सबै सरोकारवाला निकायहरुको संयुक्त टोलीले मिति २०८१।११।३१ गते रोल्पा नगरपालिका वडा नं. ४ टुँडिखेलमा संचालनमा रहेको घरेलु कृषी तथा पर्यटन महोत्सवमा स्थापना गरेका अस्थायी १५ वटा होटल तथा किराना पसलहरु र मिति २०८१।१२।१३ गते रोल्पा नगरपालिका वडा नं. २ स्थित सातताले खोला आसमासमा संचालित किराना तथा दैनिक उपभोग्य बस्तुहरुहरु विक्री वितरण गर्ने जम्मा ५ वटा (खाद्य किराना, बेकरी, होटल र मिठाई तथा नास्ता पसल, हार्डवयर, मासु पसल, एग्रोभेट, डेरी पसल र पशुपन्छी तथा मत्स्यजन्य) पसलहरुको अनुगमन गरिएको थियो । अनुगमनको क्रममा फेला परेका म्याद गुज्रिएका जम्मा रु. ९५३५।- (नौ हजार पाँचसय पैतिस) रुपैया बराबरको मालसामान जफत गरी नष्ट गरिएको छ ।

**सम्पादन गरेको कामको विवरणः** २०८१ श्रावण १ देखि २०८१ असोज मशान्तसम्म

| सि.नं. | सम्पादन गरेको काम | कामको परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नयाँ नागरिकता वितरण | १२५२ | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | १०१६ | |
| ४ | नाबालक परिचय पत्र | १६ | |
| ५ | राहदानीको विवरण संकलन | १०१८ | |



प्रमुख जिल्ला अधिकारी

Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

| | | | |
|---|---|---|---|
| ६ | राहदानी वितरण | १४२९ | |
| ७ | गुनासो तथा ठाडो उजुरी | १४ | |
| ८ | वजार अनुगमन | २ पटक | |
| ९ | कार्यालय निरीक्षण | १२ वटा | |
| १० | संस्था दर्ता | ३ | |
| १२ | संस्था नवीकरण | २५ | |
| १३ | संस्थाको विधान संशोधन | - | |
| १५ | दलित,आदिवासि सिफारिस, भारतीय पेन्सन प्रमाणित | ३४२ पेन्सन २२ | |
| १६ | पत्रपत्रिका दर्ता | - | |
| १८ | हातहतियार नामसारी | - | |
| १९ | हातहतियार नवीकरण | २ | |
| २० | विपद् राहत वितरण | रु. १८५०००।- | |
| २१ | मुद्दा फैसला | १ | |
| २२ | अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी मुद्दा | ३ | |
| २३ | विकास आयोजना निरीक्षण | ७ | |
| २४ | सार्वजनिक सुनुवाई कार्यक्रमहरुको समन्वय | २ | |
| २५ | प्रकोप प्रभावित क्षेत्रहरुको स्थलगत निरीक्षण | १० | |
| २६ | सेवाग्राही सन्तुष्टि स्तरको मापन | सन्तोषजनक | |
| २७ | राजनीतिक दलहरु, गै.स.स. र नागरिक समाज संगको समन्वय | नियमित | |
| २८ | बजार सरसफाई अभियानको समन्वय | सन्तोषजनक | |
| २९ | राष्ट्रिय परिचयपत्रको लागि निबेदन दर्ता | ३९८७ | |
| ३० | राष्ट्रिय परिचयपत्र कार्ड वितरण | ७३५ | |

१२. **प्रमुखको तथा सूचना अधिकारी:**

**प्रमुख जिल्ला अधिकारी:** खिम बहादुर रायमाझी

**सम्पर्क नं.:** ९८५७८२७७७७

**सूचना अधिकारी**

**सम्पर्क नं.:** ९८५७८७७००१

**कार्यालयको वेवसाइट:** daorolpa.moha.gov.np

**इमेल:** rolpadao@gmail.com

**फोनं.:** ०८६–४४०११०

प्रमुख जिल्ला अधिकारी

Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

१३. **ऐन, नियमहरुको सूची:**

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१९
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- मुलुकी अपराध संहिता ऐन, २०७४
- मुलुकी देवानी संहिता ऐन, २०७४
- भ्रष्टाचार निवारण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- राहदानी ऐन, २०७६
- संस्था दर्ता ऐन, २०३४
- उपभोक्ता संरक्षण ऐन, २०७५
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०७७
- संस्था दर्ता नियमावली, २०३४
- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६

प्रमुख जिल्ला अधिकारी



Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति कार्ययोजना, २०७५
- गृह प्रशासन सुधार कार्ययोजना, २०७८
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९

१४. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:**

क. आम्दानीको विवरण

| सि.नं. | आम्दानीको स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | गैर कर राजश्व | ५१८२५००।- | २०८१ माघ देखी चैत मसान्तसम्म |
| | जम्मा | ८१८२५००।- | |

ख. धरौटीको विवरण

| सि.नं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक अपराध | २३२०७३४।- | २०८१ माघ १ देखी चैत मसान्तसम्म |
| २ | सार्वजनिक अपराध | ०- | २०८१ माघ १ देखी चैत मसान्तसम्म |
| ३ | सार्वजनिक अपराध | ० | २०८१ माघ १ देखी चैत मसान्तसम्म |
| ४ | दण्ड जरिवाना | ० | २०८१ माघ १ देखी चैत मसान्तसम्म |
| ५ | धरौटी फिर्ता | ८०००।- | २०८१ माघ १ देखी चैत मसान्तसम्म |
| ६ | धरौटी सदरस्याहा | ११२५३८।- | २०८१ माघ १ देखी चैत मसान्तसम्म |
| | जम्मा | २४४१२७२।- | ० |

ग. खर्चको विवरण

| सि.न. | बजेट रु.मा. | खर्च रकम रु.मा | खर्च प्रतिशत |
|---|---|---|---|
| ३१४९२०११४ पुजिगत | १८५००००।- | १८२१४३२।- | ९८.४५ प्रतिशत |
| २१४०१०११४ पुँजिगत | ५००००।- | ५००००।- | १०० प्रतिशत |
| ३१४९२०११३ चालु | २८७४३६६६।- | १५७३६२७१।- | ५४.४७ प्रतिशत |
| ३१४०१०११३ चालु | ९५४००० | ५१४३५०।- | ५३.९१ प्रतिशत |
| जम्मा | ३१५९७६६६।- | १८१२२०५३।- | ५७.३५ प्रतिशत |
| | | | |

घ. विविध (संघ/प्रदेश राहत विवतरण)

| सि.न. | बजेट रु.मा. | खर्च रकम रु.मा | कैफियत |
|---|---|---|---|
| २.६ विविध संघ (राहत) | ५६०२८९४१।- | १९६३९६५६।- | |
| २.६ विविध प्रदेश (राहत) | ६४३०६५२।- | ८०००००।- | |

प्रमुख जिल्ला अधिकारी

Remove Watermark Wondershare PDFelement

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

- कायम भएको असुल/नियमित गर्नु पर्ने जम्मा वेरुजु: नभएको
- यस अवधिमा फछ्यौंट भएको जम्मा वेरुजु: - नभएको

१५. **सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण:**

२०८१ माघ १ गते देखि २०८१ चैत मसान्तसम्म अवधिमा पोखरा-१७, महतगौडा स्थायी ठेगाना भएका श्री दिपक आचार्यले मिति २०८१।१२।११ गते यस कार्यालयको इमेल मार्फत सूचना माग गर्नु भएको र माग बमोजिमको सूचना तयार गरी निजको ईमेलमा पठाईएको । प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई सुनिश्चित गरिएको । कार्यालयबाट भए गरेका गतिविधिहरु नियमित रुपमा कार्यालयको बेवसाईट तथा फेसबुक पेज मार्फत सार्वजनिक गरिएको ।

१६. **निष्कर्ष:**

संघीय शासन व्यवस्था तथा लोकतन्त्रमा सूचनाको हकलाई महत्वपुर्ण औजारको रुपमा लिईन्छ । यस हकको सार्थकताको लागि सूचनाको पहुँच सबै नागरिकहरुमा सहजै उपलब्ध हुनुपर्छ भन्ने लोकतन्त्रको मान्यता हो । राज्य संचालनमा प्रत्येक नागरिकको प्रत्यक्ष सहभागिता हुनु पर्छ भन्ने मान्यता लोकतान्त्रिक शासन व्यवस्थामा हुन्छ । राज्यद्धारा भए गरिएका काम कारवाहीहरुको जानकारी कानून बमोजिम सबै नागरिकलाई औचित्यका आधारमा पारदर्शी रुपमा हुनुपर्दछ भन्ने मान्यता रहेको हुन्छ । सूशासनको प्रमुख खम्बाको रुपमा रहेको सूचनाको हकलाई अझ प्रभावकारी बनाउन नेपालको संविधानमा यसलाई मौलिक हकको रुपमा समाबेश हुनुले पनि यसको महत्व थप बढ्दै गएको पाईन्छ । राज्यले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को आकांक्षा पुरा गर्न समावेशी लोकतन्त्र, कानूनी राज्य, बिधिको शासन, पारदर्शिता, जवाफदेयीता, सूशासन जस्ता सूचकहरुको महत्वपूर्ण भूमिका रहन्छ ।समग्र जनताहरुको आकांक्षा पुरा गर्न र राज्य प्रतिको अपनत्व अनुभूति गराउन सरोकारवाला सबैले कानून सम्मत, तथ्यपरक, विश्वसनीय तथा औचित्यपूर्ण सूचना प्रवाह गर्नुपर्ने आजको आवश्यकता हो र यथार्थ पनि यही नै हो ।



२०८१।१२।१६
प्रमुख जिल्ला अधिकारी

Wondershare PDFelement